जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक ३५१ • २०८२ असोज २३ गते बिहिबार • 9 Oct. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

NAME
COACHING & TRAINING CENTER PVT. LTD.
Janakpurdham-4, (Shantinagar)
9854025530 / 9824885783

## अर्गानिक भविष्यको बाटो : राम पुकार यादवको गँड्यौला मल उत्पादन यात्रा

**ओ पी साह**
**जनकपुरधाम, २२ असोज**

गणेशमान चारनाथ नगरपालिका-१० का किसान राम पुकार यादवले गाउँकै गोठालो बारीमा एउटा फरक सपना बुनेका छन् । सुरुवात साधारण थियो गँड्यौला, बाँस, प्लास्टिक र गोबरको भरमा एउटा नयाँ प्रयोग। तर यही प्रयोग अहिले अर्गानिक खेतीतर्फ गाउँ लाई मोड्ने यात्रामा बदलिएको छ भने एउटा युनिक पहिचान स्थापित समेत गरेका छन । ८ सुरुवाती संघर्षः फागुन २०७७ कोरोना महामारीले सबैतिर निराशा छाएको बेला यादवले २० हजार रुपैयाँको सानो लगानीमा कम्पोस्ट बेड बनाए ।



गाउँलेहरू हाँस्दथे, "गँड्यौला पालेर के धानिन्छ?" तर यादव दृढ थिए । "रासायनिक मल भन्दा सुरक्षित र दीर्घकालीन मल यही हो भन्ने विश्वास थियो," उनी सम्झन्छन् । आज उनले उत्पादन गरेको मल २५ रुपैयाँ किलोमा बिक्री हुँदैछ। माग यति बढेको छ कि अहिले उत्पादन नै कम पर्छ। दुई जनालाई रोजगारी दिन थालेका यादव भन्छन्, "सुरुवाती दुःख अहिले मीठो फल दिन थालेको छ ।" ८ हौसला दिने हातहरूः यादवको संघर्ष देखेर सरसफाइ अभियन्ता धीरेन्द्र कुमार साह स्थलगत पुगे साह भन्छन्, "यो त केवल मल उत्पादन मात्र होइन, पर्यावरण जोगाउने काम हो । अर्गानिक खेती अबको आवश्यकता हो ।" त्यस्तै, पत्रकार मुकेश ठाकुर पनि बारीमा पुगे उनले रिपोर्टिङ मात्र गरेनन्, यादवलाई प्रोत्साहन पनि दिए ।"संघर्ष लाई कथा बनाउन सक्ने शक्ति तपाईंमा छ, यसलाई छाड्नु हुँदैन," ठाकुरले भने । यी शब्दहरूले यादवको आत्मबल अझै बढायो । ८ परिवर्तनको बाटोः संयुक्त राष्ट्र विकास कार्यक्रम (UNDP) को सानो सहयोगबाट सुरु भएको यो परियोजना अहिले गाउँकै गर्व बनेको छ।

पहिले उपेक्षित देखिएको गँड्यौला मल, अहिले भने धान, तरकारी र बगैंचामा प्रयोगका लागि माग बढ्दै गएको छ। यादव भन्छन्, "सुरुवाती दिनमा उपहास र कठिनाइ धेरै थिए, तर जब खेतमा उत्पादन बढेको देख्छु, लाग्छ संघर्ष खेर गएको छैन ।" सामूहिक भविष्यः गाउँका युवाहरू अहिले अर्गानिक खेतीतर्फ आकर्षित हुन थालेका छन् ।

यादवको बारी धेरैका लागि 'जीवित प्रयोगशाला' बनेको छ। रासायनिक मलको विकल्प खोज्दै, उनीहरू गँड्यौला मलको सम्भावना तर्फ अघि बढिरहेका छन् । प्रेरणा र संघर्षले सुरुवात गरेको यो यात्रा अब सम्भावनाले भरिएको छ–र गाउँलेहरूलाई अर्गानिक भविष्य तर्फ लैजाँदैछ।

## तीन ठुला दल नेकपा एमाले, नेपाली कांग्रेस र जनमत पार्टीद्वारा संयुक्त रूपमा नयाँ सरकार गठनको दाबी

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २२ असोज**

मधेस प्रदेशमा मुख्यमन्त्री सतिश कुमार सिंहले राजीनामा दिएका छैनन् । यस्तो अवस्थामा प्रदेशका तीन दल ठुला दल नेकपा एमाले, नेपाली कांग्रेस र जनमत पार्टीले संयुक्त रूपमा नयाँ सरकार गठनको दाबी प्रस्तुत गरेका छन् ।

बुधबार तीनै दलका नेताहरूले प्रदेश प्रमुखसमक्ष संयुक्त दाबीपत्र बुझाउँदै नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णा यादवलाई नयाँ मुख्यमन्त्रीका रूपमा अघि सारेका हुन् ।




संविधानको धारा १६८(२) बमोजिम दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त सरकार गठन गर्न सकिने प्रावधानअनुसार दाबी गरिएको हो । तीन दलका ५८ जना सांसदहरू अहिले प्रदेशसभामा कायम कुल सदस्य संख्याको बहुमत भएको दाबी गर्दै यादवलाई मुख्यमन्त्री नियुक्त गर्न माग गरिएको छ ।

जनमत पार्टीका संसदीय दलका नेता महेश प्रसाद यादवले सञ्चारकर्मीहरूसँग प्रतिक्रिया दिँदै भने, 'जेनजी आन्दोलनको क्रममा मुख्यमन्त्रीले राजीनामा दिएको र त्यसअनुसार पार्टीले समर्थन फिर्ता पनि बोलाएको थियो । तर उहाँ नआएपछि यस्तो कदम चाल्न बाध्य भयौँ,' उनले थपे, 'जनताको चाहना अनुसार फिर्ता हुनुपर्नेमा मुख्यमन्त्रीले ढिपी कसेर पदमा बसिरहनु पार्टी हितविपरीत छ ।'

उनका अनुसार दलहरूले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री पदमा बसिरहनुको औचित्य छैन । 'यदि अहिले पनि राजीनामा नदिने हो भने तीस दिनपछि उहाँ स्वाभाविक रूपमा पदमुक्त हुनुहुनेछ, त्यसपछि पुनः बहुमतका आधारमा नयाँ सरकार गठन हुनेछ,' उनले भने । यद्यपि बुधबार दिनभर मुख्यमन्त्री सिंहले राजीनामा बुझाउने चर्चा चले पनि समाचार लेखदासम्म मुख्यमन्त्रीको राजीनामा प्रदेश प्रमुख कार्यालयमा पुगेको छैन ।

## बाढीपहिरोबाट घरबास गुमाएकालाई तत्काल अस्थायी आवास निर्माणका लागि अनुदान दिने निर्णय



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ असोज**

सरकारले असोज १७ देखि १९ गतेसम्म परेको अविरल वर्षाका कारण आएको बाढीपहिरोबाट घरबास गुमाएकालाई तत्काल अस्थायी आवास निर्माणका लागि अनुदान दिने निर्णय गरेको छ। त्यसै गरी मृतक र बेपत्ताका परिवारलाई राहत उपलब्ध गराउनुका साथै बेपत्ता भएकाको खोज तथा उद्धारलाई निरन्तरता दिने निर्णय पनि भएको छ।

प्रधानमन्त्री सुशीला कार्कीको अध्यक्षतामा सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा मङ्गलबार बसेको विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को १९ औं बैठकले त्यस्तो निर्णय गरेको हो। मन्त्रीहरू रामेश्वरप्रसाद खनाल, कुलमान घिसिङ, ओमप्रकाश अर्याल, अनिलकुमार सिन्हा, महावीर पुन, मदनप्रसाद परियार र जगदीश खरेल, बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ, मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंह, राष्ट्रिय परिषद्का विज्ञ सदस्य गङ्गालाल तुलाधर, मुख्यसचिव एकनारायण अर्याल एवं सचिवहरू, सुरक्षा निकायका प्रमुख सहभागी सो बैठकपछि आयोजित पत्रकार सम्मेलनमा राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख ई. दिनेशप्रसाद भट्टले निर्णयबारे जानकारी दिनुभयो । कार्यकारी प्रमुख भट्टले यसअधिको मापदण्ड अनुसारै मृतक र बेपत्ताका परिवारलाई तत्काल राहत उपलब्ध गराउने निर्णय गरिएको र यसका लागि गृह मन्त्रालयमार्फत सम्बन्धित निकायलाई निर्देशन दिइएको जानकारी दिनुभयो।

मृतकका परिवारलाई राहतस्वरूप दुई लाख रुपियाँ राहत उपलब्ध गराइने छ। उहाँका अनुसार अविरल वर्षाका कारण बाढीपहिरोमा परेर ५२ जनाको मत्यु र पाँच जना बेपत्ता भएका छन्। त्यसै गरी घाइते ४७ जनाको सरकारले निःशुल्क उपचार गरिरहेको छ । कार्यकारी प्रमुख भट्टले बाढीपहिरोबाट घरबास गुमाएकालाई अस्थायी आवास निर्माणका लागि राहतस्वरूप जम्मा ५० हजार रुपियाँ उपलब्ध गराउने निर्णय भएको बताउँदै भन्नुभयो।

GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12,Airport Road,Dhanusha
Contact : 9844027971,9824877627



Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket,Classical Dance,Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility.

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme



33 Years of Academic Excellence




# जलेश्वरमुखि नदीको बहाबलाई मोड

महोत्तरी जिल्लामा आएको बाढीले जलेश्वरमा मात्र करोडौंको क्षति भएको छ। अहिले पनि पानीको बहाब बाटाहरुमा रहेका कारण जनजिवन सामान्य बनेको छैन । बाढीको पानीले सबै खाले सडकलाई आँशिक रुपमा क्षति गरेको छ भने केहि ठाउँहरुमा पूर्ण रुपमा सडक क्षतिग्रस्त भएका छन् । जहिले पनि महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर बाढीको चपेटामा पर्ने गरेको कुरा नयाँ होइन। यो घट्ना परम्परागत रुपमा विकास भएको देखिन्छ । जबकी विभिन्न सरोकार बालाहरुबाट यसको बारेमा गहन अध्ययन तथा पानीको बहाबलाई व्यवस्थापन तथा विभिन्न दिशामा वितरण गर्ने बारे गहन छलफल तथा सामाधान खोज्नु पर्ने थियो जुन अहिले सम्म भएको छैन । महोत्तरी जिल्ला भरीमा कैयौं पटक प्रतिनिधि तथा प्रदेश सभा साँसद भएका योग्य जनप्रतिनिधिहरुका ठूलै ईतिहास छन् तर ती जनसेवकहरुले महोत्तरी जिल्लाका खास गरेर जलेश्वर ,एकडारा,महोत्तरी,बलवा,मडै,मटिहानी लगायतका ठाउँहरु कसरी बाढीबाट सुरक्षित रहन्छन् सो बारे काम गर्न समय नै पाउनु भएन । वडा विडम्बना छ यस क्षेत्रको। जनता जनार्द्धन पनि सज्जन र धेरै ईमानदार भएर पनि यस्तो भएको बुझ्न सकिन्छ । जनताको तटबन्ध कार्यालय महोत्तरी पनि जिम्मेबारीमुक्त हुन सक्दैन। जनताको तटबन्ध कार्यालयले स्थलगत रुपमा राम्रोसँग काम गरेको भए तथा उपलब्ध साधन स्रोतको अधिकतम उपयोग गरेर तटबन्ध भत्किनु भन्दा पूर्व मरम्मत सँभार गरेको भए यस्तो अवस्था आउने थिएन होला । स्थानिय जनप्रतिनिधि तथा स्थानिय बासिन्दाहरुसँग समन्वय तथा गुनासो सामाधान गर्ने तर्फ अग्रसर भएको भए यस्तो क्षति हुने थिएन होला। अब पनि जलेश्वरमुखि नदिको बहाबलाई विभिन्न नदिसँग जोडेर मोडिएन भने यहाँको जनजिवन अझै दयनिय हुने देखिन्छ ।

# बाढीको पानीमा डुबेर एक किशोरको मृत्यु

**आरजे इर्शाद शेख**
**महोत्तरी, २२ असोज**

महोत्तरीको जलेश्वर नगरपालिका-६ साउजीपट्टी परिक्रमा पोखरी नजिक बाढीको पानीमा पौडी खेल्ने क्रममा एक किशोरको मृत्यु भएको छ।

आज दिउँसो करिब २ बजे धबौली बस्ने करिब १२ वर्षका सलमान साफी ठूलो धबौली जाने भित्री बाटोमा रहेको लच्कामा बाढीको तीव्र बहाव भएको पानीमा पौडी खेल्ने क्रममा डुबेर बेपत्ता भएका थिए।

घटनापछि जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट प्रहरी नायब उपरीक्षक शैलेन्द्र भट्टको कमाण्डमा प्रहरी टोली खटिएको थियो । निरन्तरको खोजीपछि साफीको शव घटनास्थल नजिकैबाट फेला परेको प्रहरीले जनाएको छ।



लगातारको वर्षासँगै बाढीको पानी सडक र खेतबारीमा पस्दा स्थानीय बालबालिका खेलकुदका क्रममा जोखिममा पर्ने घटना बढ्दै गएका छन्।प्रहरीले बालबालिकालाई बाढीको पानीमा नजाने र अभिभावकहरूलाई विशेष सावधानी अपनाउन आग्रह गरेको छ।

स्थानीयहरूका अनुसार लच्का क्षेत्र बाढीले भरिएर खतरनाक बनेको छ, तर सुरक्षाको पर्याप्त व्यवस्था नभएकाले दुर्घटनाको जोखिम बढेको छ।

शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जलेश्वरमा पठाइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

# ठूलो परिमाणको ब्राउन सुगर (खैरो हिरोईन) सहित दुई जना पक्राउ


**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २२ असोज**



धनुषाको गणेशमान चारनाथ नगरपालिका-७ पोर्ताहास्थित पूर्व-पश्चिम राजमार्गबाट प्रहरीले ठूलो परिमाणको ब्राउन सुगर (खैरो हिरोईन) सहित दुई जनालाई नियन्त्रणमा लिएको छ। रुपक्राउ पर्नेमा सिराहाको मिर्चैया नगरपालिका-७ बस्ने वर्ष २४ का निरजन यादव र सप्तरीको राजविराज नगरपालिका-९ बस्ने वर्ष २१ का रोहन कुमार सिंह रहेको प्रहरीले जनाएको छ।

रुइलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक जटाशंकर यादवका अनुसार सोमबार दिउँसोको समयमा विशेष सूचनाका आधारमा खटिएको प्रहरी टोलीले चेक प्वाइन्ट खडा गरी जाँच गर्ने क्रममा उनीहरूलाई नियन्त्रणमा लिएको हो। रुप्रहरी निरीक्षक यादवका अनुसार, बा.प्र.०३-००३ प २०८७ नम्बरको मोटरसाइकलमा पूर्वबाट पश्चिमतर्फ आइरहेका निरजन यादव र रोहन कुमार सिंहलाई रोकेर सोधपुछ गर्न खोज्दा मोटरसाइकलको पछाडि सवार निरजन यादव भाग्ने क्रममा अन्दाजी १५० फिट पश्चिममा ३७.०९ ग्राम खैरो हिरोईन कालो प्लास्टिकको पोकामा झाडीमा फालेका थिए। प्रहरीले सो पोका संकलन गरी दुवै जनालाई नियन्त्रणमा लिएको हो।

रुपक्राउ परेका निरजन र रोहनलाई नियन्त्रणमा लिई थप अनुसन्धानका लागि सम्मानित धनुषा जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान कार्य भइरहेको इलाका प्रहरी कार्यालय ढल्केबरले जनाएको छ।




अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

## तपाईको टुडे

मेष: मनमा पछुतो आउने
वृष: लामो यात्राको योग छ
मिथून: अनावश्यक चिन्ता
कर्कट: पिछडेको साथी मिल्ने
सिंह: अनावश्यक खर्चको संभावना
कन्या: आम्दानी हुने
तुला: विचार गरेर बोल्नुहोला
वृश्चिक: शुभ कार्यको शुरुवात
धनु: खानपानमा समस्या आउने
मकर: अशुभ समाचार प्राप्त हुने
कूम्भ: मित्रतामा फाटो आउने
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# ट्रम्प प्रशासनको कडाइपछि विद्यार्थी भिसामा ठूलो गिरावट

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २२ असोज



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दबाब र कडा अध्यागमन नीतिहरू का कारण संयुक्त राज्य अमेरिकाले अगस्ट महिनामा विद्यार्थी भिसा जारी गर्ने दरमा झन्डै पाँच भागको एक भागले कमी आएको छ।

अन्तर्राष्ट्रिय व्यापार प्रशासनका अनुसार, अमेरिकाले अगस्टमा जम्मा ३ लाख १३ हजार १३८ विद्यार्थी भिसा मात्र जारी गरेको छ, जुन सन् २०२४ को अगस्टको तुलनामा १९.१ प्रतिशतले कम हो। अगस्ट महिना अमेरिकी विश्वविद्यालयहरूले सबैभन्दा बढी भिसा स्वीकृत गर्ने महिना मानिन्छ। यो गिरावटको सबैभन्दा ठूलो असर गत वर्ष विदेशी विद्यार्थीहरूको शीर्ष स्रोत रहेको भारतमा परेको छ, जहाँ अघिल्लो वर्षको तुलनामा ४४.५ प्रतिशत कम विद्यार्थीले भिसा पाएका छन्। यसको विपरीत, चिनियाँ विद्यार्थीहरूका लागि भिसा जारी गर्ने क्रम घटे पनि मुख्य भूमि चीनका ८६ हजार ६४७ भिसा जारी भएका छन्, जुन भारतीयहरूलाई जारी गरिएको सङ्ख्याको दोब्बरभन्दा बढी हो। ह्वाइट हाउसमा पुनः फर्किएपछि राष्ट्रपति ट्रम्पले आप्रवासन नियन्त्रण र विश्वविद्यालयहरूमाथि दबाब दिने कामलाई उच्च प्राथमिकता दिएका छन्। उनको प्रशासनले विश्वविद्यालय अध्यागमनलाई 'वामपन्थीहरूको प्रमुख शक्ति आधार' को रूपमा हेर्छ। अमेरिकी विदेशमन्त्री मार्को रुबियोले गत जुनमा केही समयका लागि विद्यार्थी भिसाको प्रक्रिया स्थगित गरेका थिए। रुबियोले अमेरिकी विदेश नीतिको चासोविपरीत जाने मानिसहरूलाई, विशेष गरी इजरायलको आलोचना गरेको आधारमा, प्रवेश अस्वीकार गर्न सक्ने आधारमा हजारौं भिसा रद्द गरेका छन्।

# शाहरुख खान र गौरी खानलाई दिल्ली हाई कोर्टको 'समन'

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २२ असोज



बलिउड अभिनेता शाहरुख खान र उनकी श्रीमती गौरी खानको कम्पनी रेड चिलिज इन्टरटेनमेन्ट र ओटीटी प्लेटफर्म नेटफ्लिक्सका नाममा दिल्ली हाई कोर्टले समन (उपस्थित हुन वा जवाफ दिन आदेश) जारी गरेको छ।

नार्कोटिक्स कन्ट्रोल ब्यूरो (एनसीबी)का पूर्व अधिकारी समीर वानखेडेले दायर गरेको निवेदनको जवाफमा यो समन जारी गरिएको हो। अदालतले सबै पक्षहरूलाई आफ्नो जवाफ पेस गर्न सात दिनको समय दिएको छ। मुद्दाको अर्को सुनुवाइ अक्टोबर ३० मा हुने तय भएको छ।

सेप्टेम्बर १८ मा रिलिज भएको वेब सिरिज 'द ब्याड्स अफ बलिउड'ले आफ्नो प्रतिष्ठामा कलंक लगाएको आरोप आफ्नो निवेदनमा समीर वानखेडेले लगाएका छन्। यो सिरिज शाहरुख खानको प्रोडक्सन हाउस, रेड चिलीज इन्टरटेनमेन्टले निर्माण गरिएको थियो। यसलाई नेटफ्लिक्समा प्रसारण गरिएको थियो। सिरिजमा एक पात्रले आफूलाई एनसीबी अधिकारीको रूपमा चित्रण गर्ने प्रयास गरेको र उनीमाथि छायांकन गरिएका दृश्यहरूले आफ्नो बदनामी गरेको आरोप वानखेडेले लगाएका छन्।

सिरिजको कन्टेन्टलाई अपमानजनक घोषित गर्न अदालतलाई अनुरोध गर्दै उनले दुई करोड क्षतिपूर्ति मागेका छन्। सिरिज प्रसारण भएपछि सामाजिक सञ्जालमा धेरै अपमानजनक प्रतिक्रियाहरूको सामना गर्नुपरेको दाबी पनि वानखेडेले गरेका छन्।

यसले आफ्नो सार्वजनिक छविलाई गम्भीर रूपमा क्षति पुर्‍याएको उनले भनेका छन्। सिरिज झुटो मात्रै नभएर यसले उनको व्यावसायिक इमानदारिता माथि पनि प्रश्न उठाएको पनि उनले बताए।

# घट्यो अमेरिकी डलर र युरोको विनिमय दर

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २२ असोज




नेपाल राष्ट्र बैंकका अनुसार आज (बुधवार) नेपाली बजारमा अमेरिकी डलर र युरोपियन युरो दुवैको विनिमय दरमा सामान्य गिरावट आएको छ। अमेरिकी डलर एकको खरिददर आज १४१ रुपैयाँ ७४ पैसा र बिक्रीदर १४२ रुपैयाँ ३४ पैसा कायम भएको छ।

मंगलबारको तुलनामा यो सामान्य गिरावट हो, जहाँ डलर एकको खरिददर १४१ रुपैयाँ ७६ पैसा र बिक्रीदर १४२ रुपैयाँ ३६ पैसा थियो। त्यसैगरी, युरोपियन युरोको विनिमय दरमा पनि ठूलो गिरावट आएको छ। आज युरोपियन युरो एकको खरिददर १६५ रुपैयाँ २५ पैसा र बिक्रीदर १६५ रुपैयाँ ९५ पैसा कायम भएको छ। मंगलबार युरोको खरिददर १६६ रुपैयाँ ४९ पैसा र बिक्रीदर १६६ रुपैयाँ १९ पैसा तोकिएको थियो।

साथै युके पाउण्ड स्टर्लिङ एकको खरिदर १९० रुपैयाँ र बिक्रीदर १९० रुपैयाँ ८१ पैसा, स्वीस फ्रयाङ्क एकको खरिदर एक सय ७७ रुपैयाँ ५५ पैसा र बिक्रीदर १७८ रुपैयाँ ३० पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिदर ९३ रुपैयाँ ३८ पैसा र बिक्रीदर ९३ रुपैयाँ ७७, क्यानेडियन डलर एकको खरिदर १०१ रुपैयाँ ५६ पैसा र बिक्रीदर १०१ रुपैयाँ ९९ पैसा, सिङ्गापुर डलर एकको खरिदर एक सय ९ रुपैयाँ ५९ पैसा र बिक्रीदर ११० रुपैयाँ ०५ पैसा निर्धारण गरिएको छ।

# नेपालद्वारा शृंखला बराबर

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २२ असोज






कप्तान इन्दु बर्मा र पूर्वकप्तान रुबिना क्षेत्रीले अनुभवी इनिङ्स खेलेपछि नेपाली महिला क्रिकेट टोलीले मंगलबार चौथो ट्वान्टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा मलेसियालाई ६ विकेटले पराजित गरेको छ।

यससँगै नेपालले पाँच खेलको ट्वान्टी-२० अन्तर्राष्ट्रिय शृंखला २-२ को बराबरीमा ल्याएको छ। पहिला ब्याटिङ गरेको मलेसियाले क्वालालम्पुरस्थित बायुमास ओभलमा निर्धारित २० ओभरमा ५ विकेट गुमाई १ सय ११ रन बनाएको थियो। इन्दु र रुबिनाको इनिङ्सपछि नेपालले १७.३ ओभरमा १ सय १५ रन बनाउँदै खेल जितेको हो। स्कोर बराबरी भएको अवस्थामा इन्दुले विजयी चौका प्रहार गरिन्। इन्दु ३९ बलमा ४८ र रुबिना २३ बलमा २३ रन बनाई अविजित रहे। यी दुईले पाँचौं विकेटका लागि ५५ बल खेल्दै ६१ रनको अविजित साझेदारी गरे।

इन्दुले ६ चौका र रुबिनाले २ चौका र १ छक्का प्रहार गरेका थिए। कविता कुँवरले २६ बलमा १६ रन बनाइन्। रुवि पोदार ५, सम्झना खड्का ११ र पूजा महतो ७ रनमा आउट भए। पूजालाई एइना हमिजाह हासिमले सिधा थ्रोमा रनआउट गरिन्। यसअघि नेपालले मलेसियाका दुवै ओपनर हासिम र वान जुलियालाई व्यक्तिगत खाता खोल्नुअघि नै आउट गरेको थियो।

नेपालविरुद्धको यस शृंखलाको पछिल्लो तीनमध्ये दुई खेलमा अर्धशतक बनाइसकेकी हासिमलाई कविता कुँवरले कट एन्ड बोल्ड गरिन्। जुलिया भने पूजाको बलमा बोल्ड भइन्। कप्तान विनिफ्रेड दुराइसिंघमलाई कविता कुँवरले नै २ रनमा आउट गरिन्।



# जेन-जी प्रदर्शनको स्थानीय आयाम

-काठमाडौंका सार्वजनिक स्थलहरूमा जेन-जी युवाहरूले सरकारको कुशासन, भ्रष्टाचार र सामाजिक सञ्जाल प्रतिबन्धको विरोधमा भर्चुअल अभियानबाट सुरु भएको प्रदर्शनलाई भौतिक रूपमा विस्तार गरे। प्रदर्शनका क्रममा मुख्य सडक, चोक, गल्ली, नदी किनारजस्ता स्थानहरू प्रतिरोध, नियन्त्रण र हिंसाका प्रतिस्पर्धी मञ्च बने, जसले सहरी संरचना, वास्तुकला र सार्वजनिक स्थानको स्थानीय आयाम प्रदर्शनको स्वरूप निर्धारण गर्न महत्त्वपूर्ण भूमिका खेले । यस आन्दोलनले सार्वजनिक स्थलहरू तटस्थ नभई राजनीतिक प्रतिरोध र सत्ताबीचको तनावको स्थानीय अभिव्यक्तिका सक्रिय माध्यम हुन् भन्ने सन्देश दिएको छ। सधैंझैं नियमित लयमा रहनुपर्ने काठमाडौंका सडक, संगम-चोकलगायत अन्य सार्वजनिक स्थल २०८२ भदौ २३ मा अचानक फरक उद्देश्यसहित हजारौं जेन-जी युवाले भरिए । सम्भवतः पहिलो पटक सडकमा उत्रिएका युवाको उद्देश्य सरकारले लादेको सत्तात्मक कुशासन, राजनीतिक वृत्तमा व्याप्त भ्रष्टाचार र अभिव्यक्ति स्वतन्त्रतामा अंकुश लगाउने गरी गरिएको सामाजिक सञ्जाल प्रतिबन्धको शान्तिपूर्ण विरोध गर्नु थियो। 'डिजिटल प्लेटफर्म' जस्ता प्रविधि-आधारित पूर्वाधारको प्रयोगसँगै निर्माण हुने सामाजिक तथा प्रतीकात्मक स्थान-अनुभव गर्न सकिने सामाजिक सञ्जालमा विभिन्न युवा समूह संगठित भई नेपो-किड्स नामक सामूहिक अभियानबाट सुरु भएको यो पहल क्रमशः भर्चुअल स्थानबाट सहरका सार्वजनिक भौतिक स्थानतर्फ प्रदर्शनका रूपमा विस्तारित भयो ।

यसै क्रममा भदौ २३ मा संसद् भवन र वरिपरिको सडकमा सत्तापक्षद्वारा गरिएको कठोर दमनबाट कम्तीमा डेढ दर्जन युवाको मृत्यु भएको समाचार द्रुत गतिमा फैलिँदा यो प्रदर्शनले राष्ट्रियस्तरमै प्रभाव देखायो। फलतः दोस्रो दिनको विरोध प्रदर्शन हिंसात्मक बन्दै जाँदा सहरका मुख्य सडक र भित्री गल्ली, नदी करिडोर र खुला स्थलमा भिडन्त, आगजनी र तोडफोड भए । संघीय संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालत, अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्ता प्रमुख प्रशासनिक र न्यायिक संरचना क्षतिग्रस्त भए भने पूर्वप्रधानमन्त्रीदेखि विभिन्न राजनीतिक दलका नेताहरूका निवास लगायतका निजी सम्पत्ति, कान्तिपुर मिडिया ग्रुप मुख्यालयजस्ता सञ्चारगृह र जेल/कारागारसम्म निसानामा परे ।


अभियानदेखि प्रदर्शनसम्मः जेन-जीको यो पहल आन्दोलनभन्दा बढी अभियान र यसले जन्माएको प्रदर्शन भनी बुझ्न सकिन्छ। भर्चुअल-स्पेसबाट सुरु भएको अभियानको उत्कर्षका रूपमा मुखरित यस किसिमको प्रदर्शनको मानवीय, राजनीतिक, सामाजिक, आर्थिक पाटाहरूको चर्चा-परिचर्चा विभिन्न कोणबाट भए पनि यसका स्थानीय आयाम तथा स्थानीय अभिव्यक्तिलाई नेपालको सन्दर्भमा त्यति विमर्श गरिएको पाइँदैन । यस किसिमको प्रदर्शनलाई बुझ्न स्थानीय आयाम र स्थानीय अभिव्यक्तिको अन्वेषण महत्त्वपूर्ण हुन्छ । किनभने सडक, चोक, पुल, शक्ति केन्द्र वा सांस्कृतिक स्थलजस्ता स्थानीय आयामले प्रदर्शनको दिशा निर्धारण गर्छन् भने यस्ता सार्वजनिक स्थलमा जुलुस, प्रतिस्पर्धा, नियन्त्रण, हिंसा, कब्जाजस्ता स्थानीय अभिव्यक्तिमा प्रदर्शन प्रत्यक्ष रूपमा प्रकट हुन्छ । यसै सन्दर्भमा भदौ २३ र २४ को आन्दोलन र प्रदर्शनको स्थानीय आयाम र स्थानीय अभिव्यक्तिका बारेमा प्रकाश पार्नु वाञ्छनीय होला । प्रतीकात्मक केन्द्रहरूको नियन्त्रणः प्रदर्शन कहाँ हुन्छ र कुन स्थानलाई निसाना बनाइन्छ भन्ने आफैंमा अर्थपूर्ण कुरा हो । स्थानीय अभिव्यक्तिको हिसाबले जेन-जीको प्रदर्शनमा सर्वप्रथम पहिलो दिन युवाहरूले मुख्य सार्वजनिक स्थलहरूमा आफ्नो उपस्थिति जनाई तिनलाई अस्थायी रूपमा ओगटेका थिए । सामाजिक आन्दोलनको अनुसन्धानकर्ता प्रसिद्ध जर्मन सामाजिक वैज्ञानिक प्रिसका डाफीका अनुसार चोक, पार्क वा सरकारी भवनजस्ता ठूला प्रतीकात्मक स्थल कब्जा गर्नु र त्यहाँ सार्वजनिक प्रदर्शन गर्नु प्रदर्शनकारीका लागि आन्दोलनको शक्ति र सन्देश प्रकट गर्ने मुख्य माध्यम हुन् । मिस्रको तहरिर स्क्वायर वा इस्तानबुलको गेजी पार्कजस्तै, जेन-जीले काठमाडौंमा व्यस्त सहरी




संस्कृतिको पर्याय नयाँ बानेश्वरका सडक तथा माइतीघर मण्डलाजस्ता सहरी संगम-चोक र यी वरिपरि रहेका सत्ताको प्रतिनिधित्व गर्ने केन्द्रहरू संसद् भवनलगायत अन्य महत्त्वपूर्ण प्रशासनिक तथा न्यायिक भवन संरचनालाई पहिले ओगटेर फेरि अस्थायी नियन्त्रणमा लिएका थिए । यो प्रतिरोध युवाहरूले फगत विश्वास गुमाएको भ्रष्ट राज्यसत्ता चलाउन प्रयोग हुने संरचना-आधारहरूप्रतिको अस्वीकारोक्ति थियो, सत्ताको प्रतीकात्मक अर्थलाई चुनौती दिएको सन्देश थियो । ठूला सडक र संगम-चोक केन्द्रित यो असन्तुष्टि र विरोध क्रमशः विस्तार हुँदै गल्ली-टोल, बागमती नदी किनार तथा त्यहाँका पुलहरूमुनिका उपेक्षित कुनाकाप्चासम्म प्रतिरोध प्रकट गर्ने ठाउँको रूपमा देखिएको थियो ।


यसरी, सार्वजनिक स्थलहरू केवल भूगोल मात्र बनेनन्, बरु ती प्रतिरोध, नियन्त्रण र हिंसाका प्रतिस्पर्धी मञ्च बने। यी स्थानहरूमा जेन-जीको नियन्त्रित प्रतिरोध, राज्यसत्ताको घेराबन्दीमार्फतको नियन्त्रण र अराजक तेस्रो पक्षको हिंसा एकैचोटि प्रकट भए- जसले प्रदर्शन र सहरको खुला सार्वजनिक क्षेत्रहरूको स्थिति र तिनमा अभिव्यक्त प्रतीकात्मक स्थानीयलाई दर्शाएका थिए । सडक र संकुचन बिन्दुहरूः स्थानीय आयामको दृष्टिकोणले जेन-जीको प्रदर्शन सुरुमा सडक र नयाँ बानेश्वर र माइतीघरजस्ता व्यस्त सडक संगम-चोकहरूमा केन्द्रित थियो । यहाँ भएका युवाहरूको भेला र नाराबाजीले आन्दोलनलाई चाँडै दृश्यात्मक र प्रभावकारी बनाएको थियो । सामाजिक आन्दोलनका अध्ययनकर्ता युवान सुका अनुसार प्रदर्शन शान्तिपूर्ण चरणबाट हिंसात्मक चरणमा पुग्न सडक संरचना, बाटोमा हुने अवरोध र भीडको गतिशास्त्रको महत्त्वपूर्ण भूमिका हुन्छ ।

साभार : कान्तिपुर ।












प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday